# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मितिः २०८०।०७।१८

## प्रेस विज्ञप्ति

जाजरकोटको कामीडाँडा केन्द्रविन्दु भएर गएराति ११:४७ बजे गएको ६.२ म्याग्निच्युडको भूकम्पबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति नेपाल पत्रकार महासंघ गहिरो दुःख व्यक्त गर्दछ । भूकम्पबाट ज्यान गुमाउने ठूलो संख्याका नागरिकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै महासंघ परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ । भूकम्पमा परेर घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

भूकम्पबाट केही सञ्चारगृहमा भौतिक क्षति पुगेको छ भने कतिपय पत्रकार पनि प्रभावित भएका छन् । विपद्को रिपोर्टिङका क्रममा सुरक्षा सम्वेदनशीलता अपनाउन महासंघ पत्रकारलाई आग्रह गर्दछ । भूकम्पको समयमा क्षति र हताहतीको रिपोर्टिङ गर्दा मानवीय सम्वेदनशीलता, पत्रकार आचारसंहिता तथा पीडितको भावनाको उच्च सम्मान गर्न महासंघ पत्रकार तथा सञ्चारकर्मीलाई आग्रह गर्दछ ।

भूकम्पपछि सरकारले थालेको उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन महासंघ सरकार तथा सरोकारवाला निकायलाई आग्रह गर्दछ । भूकम्पबाट ठूलो संख्यामा नागरिकको ज्यान गएको यस दुःखद् परिस्थितिमा महासंघले शोक मनाउन आफ्ना औपचारिक कार्यक्रमहरू तीनदिनसम्म स्थगित गरेको छ । साथै, पत्रकार तथा सञ्चारकर्मीलाई उद्धार तथा राहतमा केन्द्रित भएर सञ्चारकर्ममा जुट्न आग्रह गर्दछ ।

साथै, कान्तिपुर मिडिया ग्रुपले ८२ जना पत्रकारलाई निष्कासन गरेको विरोधमा घोषित आन्दोलनका कार्यक्रमहरू पनि तीन दिनसम्म स्थगित गरिएको छ । यही कात्तिक २१ गतेदेखि पुनः आन्दोलन जारी राखिने छ । आन्दोलनका कार्यक्रमहरू अद्यावधिक गरी पुनः सार्वजनिक गरिने जानकारी गराउँछौं ।

रोसन पुरी
महासचिव